नेपाल राष्ट्र बैंक
मौद्रिक व्यवस्थापन विभाग
काठमाडौं

## मिति २०८१ मंसिर २६ गते रु.४० अर्ब निक्षेप संकलन बोलकबोल हुने बारेको सूचना

यस बैंकले देहायबमोजिमका विशेषता एवं शर्तहरु कायम गरी २१ दिनको लागि निक्षेप संकलन उपकरणको बोलकबोल तथा निष्काशन गर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. (क) उपकरणको नाम : निक्षेप संकलन ।

(ख) आव्हान रकम : रु. ४० अर्ब (चालिस अर्ब रुपैयाँ मात्र) ।

(ग) बोलकबोल मिति : २०८१ मंसिर २६ गते मध्यान्ह २:०० बजेसम्म Online Bidding System Software मार्फत मात्र बोलकबोल हुने ।

(घ) निष्काशन मिति : २०८१ मंसिर २६ गते ।

(ङ) ब्याजदर : बोलकबोलको माध्यमबाट निर्धारण हुने ।

(च) साँवा तथा ब्याज भुक्तानी मिति : २०८१ पुस १७ गते ।

(छ) बोल गर्न सकिने रकम : घटीमा रु. १० करोड र बढीमा ५ करोड रुपैयाँले भाग गर्दा निःशेष भाग जाने गरी कुल आव्हान रकमसम्म ।

(ज) धितो सम्बन्धी व्यवस्था : यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थामा धितोको रुपमा प्रयोग गर्न सकिने ।

२. निक्षेप संकलनको बोलकबोल ब्याजदरमा गर्नुपर्नेछ । बहुब्याजदरमा पनि बहुबोलकबोल गर्न सकिनेछ ।

३. निक्षेप संकलन उपकरणको बोलकबोलमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्था मात्र सहभागी हुन पाउने छन् ।

४. निक्षेप संकलनको बोलकबोलमा निक्षेपवापत जम्मा गर्न चाहेको रकम र ब्याजदर (दशमलव पछिको हकमा चार अंकसम्म) उल्लेख गर्नु पर्नेछ ।

५. निक्षेप संकलनको लागि आव्हान गरिएको रकम बाँडफाँड गर्दा बोलबमोजिम सबैभन्दा कम ब्याजदरलाई पहिलो प्राथमिकता क्रममा राखी आव्हान गरेको रकमसम्म क्रमशः बाँडफाँड गरिनेछ ।

६. समान ब्याजदर उल्लेख भएका बोल रकम समावेश गर्दा कुल निष्काशित रकमभन्दा बढी भएमा Pro-rata Basis मा बाँडफाँड गरिनेछ ।

७. आव्हान गरिएको रकममध्ये सम्पूर्ण वा आंशिक रकमको बोल स्वीकार वा अस्वीकार गर्ने अधिकार समितिलाई रहनेछ ।

८. स्वीकृत भएका बोलपत्र वापतको रकम बैंकले सम्बन्धित काउण्टरपार्टीको यस बैंकमा रहेको खाता खर्च गरी लिनेछ र बैंकमा संकलित निक्षेपको अलग्गै खाता खोली जम्मा गर्नेछ ।

९. बोलपत्र स्वीकृत भएका काउण्टरपार्टीको खातामा सो उपकरण निष्काशन गरिने दिनमा मौज्दात पर्याप्त नभएमा त्यस्ता काउण्टरपार्टीलाई कालोसूचीमा राखी पछिल्ला बोलकबोलमा सहभागी हुन बन्देज लगाइनेछ ।

१०. निक्षेप संकलन उपकरणको भुक्तानी मितिका दिन निर्धारित ब्याज सहित संकलित निक्षेप रकम सम्बन्धित बैंकको यस बैंक स्थित खातामा जम्मा गरिनेछ ।

११. निक्षेप संकलन गरिएको रकम सम्बन्धित बोलवालाको लगानी Portfolio हुने भएकोले सो रकमलाई अनिवार्य नगद मौज्दात (CRR) मा गणना गर्न पाइने छैन । तर, यस बैंकको निर्देशन बमोजिम कायम राख्नु पर्ने SLR तथा Liquidity Ratio मा गणना गर्न पाइनेछ ।

१२. संकलित निक्षेप रकम भुक्तानी मिति अगावै सम्बन्धित बोलवालालाई फिर्ता भुक्तानी वा Pre-mature भुक्तानी हुने छैन ।

विस्तृत जानकारीका लागि यस विभागको फोन नम्बर ०१-५७१९६५९, EXT NO: २८३४, २८३६ मा सम्पर्क गर्न सकिनेछ ।